नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सुनसरी, ईनरुवा

☎ ०२५६५१७२ {५६०१५१, ५६१८७९, ५६००२२, निवास ५६१७२८}

## सूचना ! सूचना !! सूचना !!!

मिति २०७७/०४/२१ गते रात्री १२ बजे देखी जिल्लाभर यातायातका साधन प्रयोग गर्न र ब्यापार व्यवसाय तथा पसल सञ्चालन गर्न २०७७/०४/३२ गते रात्री १२ बजे सम्म नपाउने गरी संक्रामक रोग ऐन २०२० तथा प्रचलित कानून बमोजिम निषेध गरिएकोमा कोभिड-१९ को संक्रमणको दर यस जिल्लाका साथै छिमेकी जिल्ला र अन्तराष्ट्रिय सीमा क्षेत्रमा समेत बढेको पाईएको हुँदा पुनः मिति २०७७/०४/३२ गते रात्री १२:०० बजे देखी मिति २०७७ भाद्र ७ गते रात्री १२ बजे सम्म सुनसरी जिल्लाभर देहायका गतिविधि गर्न नपाउने गरी निषेध गरिएको व्यहोरा मिति २०७७/०४/३२ गतेको DCCMC को निर्णयानुसार सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

- अत्यावश्यक वाहेक मानिसको आवत जावत, हिंडडुल गर्न ।
- अत्यावश्यक सेवा बाहेकका सम्पूर्ण हाटबजार तथा पसल सञ्चालन गर्न ।
- ढुवानी तथा अत्यावश्यक सेवा बाहेकका सवारी साधन (बस, कार, जीप, माईक्रो, म्याजिक, ई-रिक्सा, मोटरसाईकल) लगायत सबै सञ्चालन गर्न (खाद्यान्न तथा निर्माण सामाग्री ढुवानीका साधनले Health Protocal पालना गरी सञ्चालन गर्न पाउने छन)।
- बैंक तथा बित्तिय संस्थाको बिद्युतीय सेवा बाहेक बाह्य सेवा बन्द गर्ने ।
- सरकारी कार्यालय, सार्वजनिक संस्थाहरुले सकभर बिद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने, कर्मचारी उपस्थित भएरै सेवा प्रवाह गर्नुपर्ने अवस्था भए आवश्यकता हेरी कार्यालय प्रमुखले कर्मचारी कार्यालयमा भिंडभाड नगराई कार्यालय सञ्चालन गर्ने व्यवस्था मिलाउने ।
- उल्लेखित आदेश उल्लंघन गरेमा संक्रामक रोग ऐन २०२० र प्रचलित कानून बमोजिम सजाय हुने ।

मिति २०७७/०४/३२

२०७७/०४/३२
सहायक प्रमुख जिल्ला अधिकारी

Email : daosunsari@gmail.com
daosunsari.moha@gmail.com
"निजामती कर्मचारीको प्रतिवद्धता: पारदर्शिता र चुस्तता"
website : daosunsari.moha.gov.np